घरपझोङ गाउँपालिका

गाउँ कार्यपालिकाको १३औं बैठकको निर्णयहरु

मिति २०७९।१२।३०

**निर्णय नं. १ :-**

मिति २०७९।१२।२६ गते बसेको कार्यपालिकाको १२औं बैठकमा भएको निर्णयहरुको समीक्षा गरियो र कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २ :-**

पूर्वाधार विकास कार्यालय, मुस्ताङको च.नं.२५० मिति २०७९।१२।१९ गतेको प्राप्त पत्रको सम्बन्धमा जोमसोम-ठिनी-ढुम्बा-छैरो-चिमाङ-मार्फा-स्याङ सडकको सम्बन्धमा उक्त आयोजनाका लागि आवश्यक पर्ने जग्गा मध्ये निजि जग्गा भनी उल्लेख भएका जग्गाको स्वामीत्व एकिन गरी पठाउने भन्ने उल्लेख भएकोले हुंदा उक्त आयोजनको विस्तृत नक्सा उपलब्ध गरी विस्तृत रुपमा अध्ययन गर्नु पर्ने भएकोले पूर्वाधार विकास कार्यालयबाट आयोजनाको विस्तृत नक्सा साथै उक्त आयोजना संग सम्वन्धित प्राविधिक, यस कार्यालयका प्राविधिक र सम्बन्धित वडा जनप्रतिनिधिहरु सम्मिलित टोलीजाट विस्तृत रुपमा अध्ययन गरी विवरण एकिन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-**

चालु आ.ब.को स्वीकृत कार्यक्रम मध्ये तपसिलको योजनाहरुका लागि विनियोजित रकम तपसिल बमोजिम कार्यक्रम संशोधन एवंम रकमान्तर गरी कार्यक्रम संचालन गर्ने सम्बन्धी निर्णयको लागि गाउँसभाको ११ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

तपसिल :-

| सि.नं. | स्वीकृत कार्यक्रम | बजेट | संशोधन/रकमान्तर गर्ने कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | कालीगण्डकी तथा शाखा नदीहरुको विस्तृत वातावरण अध्ययन प्रतिवेदन तयार गर्ने (EIA) | १२,००,०००।- | प्रशासकीय भवनमा पर्दा तथा कार्पेट व्यवस्थापन | १०,००,०००।- | |
| | | | सम्पूरक कोष | २,००,०००।- | |
| २ | | | | | |
| ३ | गा.पा.भवनमा लिफ्ट जडान | २०,९०,०००।- | एयरपोर्ट एरियामा LED display board राख्ने Stand /waterproffing / installation समेत | ५,००,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | नयाँ भवनमा प्रवेश कोठामा CC Camera र ठाउँमा मोनिटर साथै अन्य accessories र जडान समेत | ३,४०,०००।- |
| ५ | | | छैरो सामुदायिक भवनमा किचन, स्टोर र अन्य पूर्वाधार निर्माण | ८,५०,०००।- |
| ६ | गा.पा.लिफ्ट जडानको सिभिल कार्य | ५,००,०००।- | नयाँ प्रशासकीय भवनमा रहेको सा.प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, जिन्सी शाखा र योजना तथा पूर्वाधार विकास शाखा र अन्य शाखामा फिक्स दराज निर्माण गर्ने | ५,००,०००।- |
| ७ | मिनि मुस्ताङको ठेक्का घटेको रकम | १०,००,०००।- | पार्किङ स्थल व्यवस्थापन, ३ नं. वडा पुथाङ एक्लेभट्टी | १०,००,०००।- |

**निर्णय नं. ४ :-**

जोमसोम गाउँबाट पेश भएको एकिकृत परियोजना "आवश्यक पर्यटकीय पूर्वाधार स समृद्ध जोमसोम (शौचालय, ढल, सडक, पेटी, पार्क, खानेपानी, भूमीगत विद्य विश्रामस्थल निर्माण)" को प्रस्ताव सम्बन्धी परियोजना कार्यान्वयनको लागि स निकायमा सिफारिस गरिदिने निर्णय गरियो ।

**निर्णय नं. ५ :-**

चालु आ.ब. को सामाजिक विकास तर्फ १) छैरो दलित भवनमा किचन, स्टोर, कम्पाउ र किचन आवश्यक सामाग्री खरिद, छैरो को लागि रु.१,००,०००।- विनियोजन भएको कार्यक्रमको बजेट यथावत रहने र कार्यक्रमको नाम छैरो दलित भवनमा फर्निच आवश्यक सामान खरिद नाम परिवर्तन गरी कार्यक्रम सञ्चालन गर्न स्वीकृतिक गाउँसभाको ११ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :-**

घरपझोङ गाउँपालिकाको फोहरमैला व्यवस्थापन विधेयक, २०७९ स्वीकृतिको गाउँसभाको ११ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ :-
कालीगण्डकी नदीको पक्की पुल नजिक रहेको लघु उद्यमको कोशेली घरको मासिक भाडा रु.१०,०००।- भएकोमा रु.५०००।- कायम गर्ने र अनुमोदनका लागि गाउँसभाको ११औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो । साथै लघु उद्यमको भवन भाडामा लिने व्यक्तिले उक्त भवन सँग रहेको शौचालयको समेत संरक्षण गर्ने गरी उक्त भवन भाडामा लगाउने निर्णय गरियो ।

निर्णय नं. ८ :-
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) तर्फको फोहर मैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईट निर्माण कार्यक्रम यस गाउँपालिकाको २ नं. वडा मार्फत निर्माण गर्ने निर्णय गरियो ।

----------------------000000000----------------------